बागमती प्रदेश सरकार

# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

(नीति योजना तथा अन्तरतह समन्वय शाखा)

हेटौंडा, नेपाल

प.सं.०८१/८२ च.नं. यो. १०१८

मितिः२०८१/०७/०४

विषयः जानकारी तथा कार्यान्वयन सम्बन्धमा।

श्री सबै मन्त्रालय/निकाय,
बागमती प्रदेश, हेटौंडा।

मिति २०८१ साल कात्तिक ०१ गते बिहीबार बसेको बागमती प्रदेश सरकारका सचिवज्यूहरुको बैठकको निर्णय जानकारी तथा कार्यान्वयनका लागि यसैसाथ संलग्न गरी पठाईएको बेहोरा निर्देशनअनुसार अनुरोध छ।

(रविनजंग कार्की)
अधिकृत सातौं

सादार अवगतार्थः

१. श्रीमान् प्रमुख सचिवज्यूको सचिवालय, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, हेटौंडा।

बोधार्थः

१. श्री सूचना तथा सञ्चार समन्वय शाखाः निर्णय नं. ४ बमोजिमको कार्य गरी श्रीमान् प्रमुख सचिवज्यूलाई जानकारी गराउनुहुन।

## मिति २०८१ साल कार्तिक ०१ गते बिहीबार बसेको सचिव बैठकका निर्णयहरुः

१. मिति २०८१ साल असोज १४ गते बसेको सचिव बैठकमा भएका निर्णय र सोसम्बन्धमा भएको कार्य प्रगतिको विषयमा छलफल र समीक्षा गरियो। निर्णय कार्यान्वयनमा थप क्रियाशीलता देखाउने।

२. बागमती प्रदेश सरकारमा सहभागी राजनीतिक दलहरुबाट स्वीकृत न्यूनतम साझा कार्यक्रम, २०८१ को प्रभावकारी कार्यान्वयनका लागि विषयगत मन्त्रालय/निकायस्तरबाट प्राप्त कार्ययोजना समावेश गरी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले एकीकृत कार्ययोजना तयार गर्ने।

३. प्रदेश सरकारअन्तर्गतको मन्त्रालय/निकाय तथा मातहतका कार्यालयमा हालसम्म रहेको बेरुजूको लगत खडा/तयार गरी बेरुजू फर्स्यौटसम्बन्धी कार्य प्राथमिकता दिई सम्पन्न गर्ने।

४. बागमती प्रदेश सरकारअन्तर्गतका मन्त्रालय/आयोग/निकाय र मन्त्रालयमातहतका केन्द्रीय कार्यालयहरुमा अनिवार्यरुपमा GIOMS (Government Integrated Office Management System) लागु गर्न मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयअन्तर्गतको सूचना प्रविधि तथा समन्वय शाखाले विषयगत मन्त्रालय/निकायलाई अविलम्ब GIOMS Username & Password उपलब्ध गराउने।

५. मा. मुख्यमन्त्री बहादुर सिंह लामा तामाङ नेतृत्वको सरकारको सुरुवाती १००(सय) दिनमा सम्पादन गरेका कार्यको प्रतिवेदन तयार गर्नका लागि मन्त्रालय/निकायगत प्रमुख कार्यहरु तथा मुख्य-मुख्य उपलब्धीहरु मिति २०८१ साल कार्तिक ११ गतेभित्र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाउने।

६. संवत् २०८१ साल असोज ११ र १२ गतेको अविरल वर्षाको कारण आएको बाढी, पहिरो तथा डुवानमा परी प्रभावित घर परिवारहरुको राहतका लागि बागमती प्रदेश सरकारअन्तर्गतका मन्त्रालय/निकायमा कार्यरत प्रदेश सचिव र एघारौं तहका कर्मचारीहरुको चार दिनको तलब बराबरको रकम बागमती प्रदेश विपद् व्यवस्थापन कोषमा जम्मा गर्ने। साथै, प्रदेशमा कार्यरत सम्पूर्ण राष्ट्रसेवक कर्मचारीहरुलाई समेत सहयोगका लागि आह्वान गर्ने।

२०८१/०७/०१

प्रमुख सचिव